नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं: कोड ०६९
प्र.जि.अ. ५२०३४३
स. प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.सं. :– ०७६/०७७
च.नं. :–

मिति:- २०७७/०२/२४

## बन्दाबन्दी यथावत रहेको सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ तथा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम प्राप्त अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीबाट जारी आदेशलाई २०७७ जेठ ३२ गते आइतबार मध्यरातसम्मको लागि म्याग्दी जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको सम्पूर्ण जिल्लाबासीहरुमा अवगतै छ । यस बिचमा जिल्ला सुरक्षा समिति तथा जिल्ला विपद व्यवस्थापन समितिबाट बन्दाबन्दीलाई खुकुलो बनाउने कुनै किसिमको निर्णय नभएको र जिल्ला प्रशासन कार्यालयबाट त्यस प्रकारको सुचना प्रकाशन समेत नगरिएको जानकारी गराइन्छ ।सामाजिक सञ्जाल तथा केही सञ्चार माध्यममा बन्दाबन्दी खुकुलो गरिएको तथा बजार पसल खोल्ने निर्णय भएको भनी आएका समाचारले सर्वसाधारण नागरिकमा भ्रम सिर्जना गरेको हुँदा बन्दाबन्दी खोल्न अनुमति दिइएका बाहेक अन्य क्रियाकलाप नगर्न नगराउनुहुन र विगतमाझैं बन्दाबन्दीको पूर्ण पालना गर्नु गराउनुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

२०७७/२/२४

प्रमुख जिल्ला अधिकारी